# राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) नेपाल प्रशासन सेवा, न्याय सेवा,लेखापरिक्षण सेवा र संसद सेवाको आन्तरिक प्रतियोगितात्मक परीक्षाको अन्तिम चरणको परीक्षाको ढाँचा

तालिका १.

| क.सं. | विषय | अङ्कभार | समय | परीक्षा प्रणाली |
|---|---|---|---|---|
| १ | नेपाली बोध तथा अभिव्यक्ति | १० | ३५ मिनेट | विषयगत र वस्तुगत |
| २ | English Comprehension | १० | ३५ मिनेट | विषयगत |

तालिका २.

<table>
<tr><th>क. सं.</th><th colspan="2">परीक्षण</th><th>अङ्क भार</th><th>प्रश्न संख्या</th><th>समय</th><th>परीक्षा प्रणाली</th></tr>
<tr><td>३</td><td colspan="2">समस्या समाधान</td><td>२०</td><td>१</td><td>३० मिनेट</td><td>विषयगत</td></tr>
<tr><td rowspan="3">४</td><td rowspan="3">मनोवैज्ञानिक परीक्षण (Psychological Test)</td><td>Verbal Reasoning Test</td><td>१०</td><td>२०</td><td rowspan="3">३० मिनेट</td><td rowspan="3">वस्तुगत</td></tr>
<tr><td>Numerical Reasoning Test</td><td>५</td><td>१०</td></tr>
<tr><td>Non Verbal/ Pictorial/Abstract Reasoning Test</td><td>५</td><td>१०</td></tr>
</table>

तालिका ३.

| क.सं. | विषय | अङ्कभार | समय | परीक्षा प्रणाली |
|---|---|---|---|---|
| ५ | सामूहिक छलफल | १० | ३० मिनेट | मौखिक |
| ६ | व्यक्तिगत अन्तर्वार्ता | ३० | | मौखिक |

१ क्र.सं. १ मा उल्लेख भएको विषयमा वोधका लागि ५ अङ्कभार भएको एक अनुच्छेद दिइनेछ। जसवाट १,१ अङ्क भारका ५ वटा वहुउत्तर प्रश्न सोधिने छन्। साथै अभिव्यक्तिका लागि ५ अङ्क भार भएको कुनै एक विषयमा स्वतन्त्ररुपमा लेख्न दिइनेछ।

२ क्र.सं. २ को English Comprehension मा लगभग ५०० शब्दको एउटा Passage दिइनेछ र Direct, Indirect Reference खालका प्रश्नहरु सोधिनेछन्।

३ क्र.सं. १ र क्र.सं. २ मा उल्लिखित परीक्षाहरु एकै दिन २ सिटिङ्गमा छुट्टाछुट्टै लिइनेछ।

४ तालिका २ मा उल्लेख भएका क्र.सं. ३ र ४ का विषयको परीक्षा एकै सिटिङ्गमा लिइनेछ। सो परीक्षाकोबीचमा १५।१५ मिनेटको मध्यान्तर हुनेछ।

५ उपर्युक्त परीक्षाहरुमा क्यालकुलेटर तथा पेनसिल प्रयोग गर्न पाइने छैन।

६ तालिका ३ मा उल्लिखित सामूहिक छलफल र व्यक्तिगत अन्तर्वार्ताको परीक्षा अलग अलग दिनमा समेत सम्पन्न गर्न सकिनेछ।

## १.बोध र अभिव्यक्ति

### नमूना प्रश्न – १

निम्न लिखित गद्य पढी त्यसैको आधारमा त्यसभन्दा तल दिइएका बोध प्रश्नहरुको सर्वोपयुक्त उत्तर छानी उल्लेख गर्नुहोस् :– अङ्क ५

हिमाल, पहाड र तराईको अनुपम सौन्दर्यले विभूषित भौगोलिक विविधतायुक्त नेपालको प्राकृतिक सम्पदा देशका सम्पन्नताको प्रतीक भएर पनि विपन्न अवस्थामा रहेका नेपालीहरुको गरीबी–निवारणमा सहयोगी सिद्ध हुन सकेको छैन । धनी देशका गरीब जनता भनेर चिनिने सर्वसाधारण नेपालीले यस देशमा आय–आर्जनका पर्याप्त संभावनाहरु नदेखेर रोजगारीको लागि विदेशिनुपर्ने बाध्यतालाई शुभ सङ्केतको रुपमा लिन सकिन्न । देशका कर्णधार बन्न सक्ने युवाहरुलाई विदेश–मोहबाट मुक्त गरी आफ्नै देशभित्र उपयुक्त रोजगारीको अवसर दिएर राख्न उचित हुने भए पनि उनीहरुलाई त्यसरी रोकेर राख्न सकिने अवस्था छैन । त्यसैले एकातिर अनेकौं दुःख कष्ट सहेर गैरकानूनी रुपमै भए पनि विदेश जान तम्सिने युवाहरुको संख्या बढिरहेको छ भने अर्कोतिर विदेशी भूमिमा पदार्पण गरेपछि धूर्त दलालहरुद्वारा ठगिएको अनुभव गर्ने धेरै युवायुवतीका करुण व्यथा–कथाहरु पनि यदाकदा सुनिने गरेका छन् । तैपनि नेपालबाट जनशक्ति विदेशिने क्रम रोकिएको छैन । विदेश जान नपाएका र स्वदेशमै पनि काम नपाएका सक्षम युवायुवतीहरुले उपयुक्त शिक्षा र उचित मार्गदर्शनको अभावमा अन्त्यहीन संघर्षको विनाशकारी बाटो नसमात्लान् भन्न सकिन्न । यी दुवै समस्याको समाधान गर्ने लक्ष्यतर्फ गम्भीर भएर लाग्नुपर्ने दायित्व यस देशलाई माया गर्ने प्रबुद्ध राजनीतिकर्मी र बुद्धिजीवीहरुले वहन गर्नुपर्छ भन्ने कुरामा शङ्का छैन । अमूल्य श्रमशक्ति र बौद्धिक शक्तिलाई देशबाट पलायन हुन नदिनुको साथै खेर गैरहेको त्यस्तो शक्तिलाई देश निर्माणको काममा लगाउन यहाँका योजनाविद्हरुले राष्ट्रिय स्तरमा नै योजना बनाएर कार्यान्वित गराउनेतर्फ प्रयत्नशील रहनुपर्ने बेला आइसकेको छ । यस्तो काममा निःस्वार्थ रुपले सहयोग जुटाउने प्रवृत्तिको विकास राजनैतिक नेताहरुमा समेत हुन आवश्यक छ ।

<u>बोध–प्रश्नहरुः (५X१=५ अङ्क)</u>

१. तल लेखिएकामध्ये कुन कुरा ठीक हो ?

(क) नेपाल प्राकृतिक सम्पदामा धनी छ ।

(ख) नेपालको प्राकृतिक सम्पदालाई नेपालीहरुको गरीबी–निवारण गर्ने काममा सहयोगी बनाउन सकिन्न ।

(ग) नेपालको भौगोलिक विविधताले पनि यहाँ सम्पन्नता भित्र्याउन बाधा पुऱ्याएको छ।

(घ) नेपालीहरु आफ्नै देशमा पर्याप्त श्रोत, साधन भएर पनि विदेश जान रुचाउँछन् ।

२. निम्नलिखितमध्ये उपयुक्त उत्तर कुन हो ?

(क) आजकलका युवाहरु देशका कर्णधार बन्न सक्तैनन् ।

(ख) युवाहरुको जसरी भए पनि विदेश जाने प्रवृत्तिलाई अन्यथा मान्न मिल्दैन् ।

(ग) युवाहरुलाई देशभित्रै उपयुक्त रोजगारीको अवसर दिएर राख्नु वेश हुन्छ ।

(घ) युवाहरुलाई देशभित्रै उपयुक्त रोजगारीको खोजी गर्ने भन्दा धेरै पैसाको लागि विदेश जाने उद्देश्य सबै युवायुवतीहरुको हुन्छ ।

३. माथिको गद्यबाट कुन कुरा स्पष्ट भएको छ ?

(क) दलालहरु मार्फत जुनसुकै रुपमा भए पनि विदेश जानु आजीविकाको उत्तम उपाय हो ।

(ख) दलालहरुले विदेश जान चाहने धेरै युवायुवतीलाई ठग्ने गरेका छन् ।

(ग) विदेश जान नपाएका सक्षम बेरोजगार युवायुवतीहरु आफ्नो परम्परागत पेशातिरै लाग्ने गर्छन् ।

(घ) नेपालमा युवायुवतीलाई विदेश पठाउने जिम्मेवारी दलालहरुले नै पाएका छन् ।

४. माथिको गद्यका आधारमा कुन कुरा ठीक मान्नुहुन्छ ?

(क) नेपालको श्रमशक्ति विदेशिनुको मुख्य कारण राजनैतिक कमजोरी हो ।

(ख) नेपालको जनशक्तिलाई विदेशिन र गलत बाटातिर लाग्नबाट रोक्ने दायित्व देशभक्त राजनीतिज्ञ र बुद्धिजीवीवर्गले लिनुपर्छ ।

(ग) नेपालमा श्रमशक्ति र बौद्धिक शक्तिको पलायनलाई सामान्य रुपमा लिनुपर्ने अवस्था आएको छ ।

(घ) श्रमशक्तिको पलायन नेपालको मात्र समस्या होइन ।

५. माथिको गद्यबाट कस्तो राय व्यक्त भएको ठान्नुहुन्छ ?

(क) नेपालमा श्रमबजारको खोजी गर्ने काम योजनाविद्हरुको हो ।

(ख) नेपालीहरु श्रम गर्न र बौद्धिक काम गर्न सक्षम छन् ।

(ग) नेपालीहरुको श्रम र बुद्धि विदेश गएपछि परिपक्क हुन्छ ।

(घ) नेपालीहरुका श्रम र प्रतिभाको सदुपयोग देश–निर्माणको काममा गराउने योजनाबद्ध कार्यक्रम ल्याउनुपर्छ ।

<u>वोध प्रश्नहरुको</u> <u>उत्तर</u> :

१–(क)     २–(ग)     ३–(ख)     ४–(ख)     ५–(घ)

**नमूना प्रश्न – २**

निम्नलिखित शीर्षकमा स्वतन्त्र अभिव्यक्ति दिई एउटा निबन्ध लेख्नुहोस् : अङ्क – ५

**नेपालमा सुशासनको अवधारणा र प्रयोग**

# 2.English Comprehension

समय :-३५ मिनेट पूर्णाङ्क :- १०

(Model Questions)

A passage of 400-500 words will be given and five questions will be asked on it. The types of questions will be as follows:

- Two direct reference questions
- One indirect reference question
- Two inference questions

## Passage

The world has spent on preparations for war more than $ 112 billion a year, roughly $ 450 per head for every man, woman and child in the world. Let us consider for a moment what could be done with this sum of money if it were spent on peace and not on war. Some of it, at any rate, in the more prosperous countries could be spent on the reduction of taxation. The rest should be spent in ways that will, at the same time, be of benefit to mankind and a solution to the economic problem of conversion from war industry to the expansion of peace industries. As to this expansion, let us begin with the most elementary of all needs, namely, food. At present the majority of mankind suffers from undernourishment, and, in view of the population explosion, this situation is likely to grow worse in coming decades. A very small part of what is now being spent upon armaments would rectify our predicament. Not only could the American surplus of grain, which was for many years uselessly destroyed, be spent in relief of famine, but, by irrigation, large regions now desert could be made fertile and, by improvement in transport, distribution from regions of excess to regions of scarcity could be facilitated.

Housing, even in the richest countries, is often disastrously, inadequate. This could be remedied by a tiny fraction of what is being spent on missiles. Education everywhere, but especially in the newly liberated countries of Africa and Asia, demands an expenditure many times as great as that which it receives at present. But it is not only greater expenditure that is needed in education. If the terror of war were removed, science could be devoted to improving human welfare, instead of to the invention of increasingly expensive methods of mutual slaughter, and schools would no longer think it a part of their duty to promote hatred of possible enemies by means of ignorance tempered by lies.

By the help of modern techniques, the world could enter upon a period of happiness and prosperity for surpassing anything known in previous history. All this is possible. It requires only a different outlook on international affairs

and a different state of mind toward those nations which are now regarded as enemies. This is possible, I repeat, but it can not be done all at once. To reverse the trend of affairs in the most powerful nations of the world is no light task and will require a difficult process of re-education.

(422 words)

**Questions**

1. What do the figures presented in the beginning of the first paragraph reveal to the readers ? 2
2. How would science be used for the welfare of mankind if war is stopped ? 1
3. What does the majority of mankind at present suffer from ? 1
4. Do you agree with the writer that schools consider it their duty to promote hatred of possible enemies ? give reasons to support your answer. 3
5. What might be the process of re-education ? And why won't it be a light task ? 3

- The End -

## ३.समस्या समाधान

**समय :-३० मिनेट** **पूर्णाङ्क :- २०**

सांग्रीला कारागारका अधिकृत श्री कृष्ण खरेल उक्त कारागारमा विगत २ वर्ष देखि कार्यरत थिए । यस कारागारमा ५ महिला र ७० पुरुष गरी जम्मा ७५ जना बन्दी रहेका थिए । कारागार ज्यादै पुरानो भएकाले त्यसको वरिपरि निर्माण गरिएको सुरक्षा पर्खाल ज्यादै जीर्ण भैसकेको थियो । फलतः पर्खाल निर्माण नभएमा कुनै पनि समयमा बन्दी फरार हुने सम्भावना थियो । यस वास्तविकतालाई मध्यनजर राखी अधिकृत श्री कृष्ण खरेलले पर्खाल मर्मतका लागि आवश्यक इष्टमेट तयार गरी रु ५ लाख तुरुन्त निकाशा पाउन केन्द्रस्थित गृहमन्त्रालयमा पत्राचार गरेछन् । यो विषयलाई आगामी वर्षको वजेटमा समावेश गर्ने निर्णय भएछ । आगामी वर्षको वजेट प्रस्तुत गर्न ७ महिनाको अवधि बांकी थियो ।

एक दिनको घटना हो ५ रेक्टर स्केलको भुकम्पका कारण सांग्रीला कारागारको पूर्वपट्टिको सम्पूर्ण पर्खाल ढल्न गएछ । तर जिल्लास्थित अन्य कुनै घरमा पनि खासै असर परेन । कारागारको पर्खाल भत्कनाले त्यहास्थित ४ जना बन्दीको मृत्यु भयो र अन्य १० जना कैदी रातारात फरार हुन सफल भएछन । यस घटनाले सनसनी फैलायो । मृतक परिवारका सदस्यले प्रशासन समक्ष क्षतिपूर्तिको माग राखे । फरार भएका कैदीका कारण कारागार प्रशासनको कमजोरी देखियो । उक्त घटनाको लगतै केन्द्रबाट सांग्रीलाका कारागार अधिकृत श्री खरेललाई घटनाको विवरण तुरन्त दिन आदेश जारी भयो । उनले पर्खाल मर्मत नभएकाले सो घटना हुन पुगेको विवरण पेश गरे ।

केन्द्रले श्री खरेलको विवरण ठीक ठानेन । मरेका कैदीका परिवारलाई जनही रु.१०,०००।- क्षति पूर्ति दिने र १० जना कैदी फरार भएकाले कारागार अधिकृतलाई २ ग्रेड रोक्का गर्ने निर्णय ग-यो ।

**उपरोक्त समस्यालाई राम्ररी अध्ययन गरी देहायका प्रश्नको छोटो उत्तर दिनुहोस् ।**

१. गृहमन्त्रालयले श्री खरेलका सम्बन्धमा गरेको निर्णय ठीक छ छैन ? स्पष्ट पार्नु होस् ।
२. श्री खरेलले कैदी फरार हुन नदिन कस्तो व्यवस्था मिलाउनु पर्दथ्यो ?
३. मृतक बन्दीका परिवारलाई क्षतिपूर्ति दिनु उचित थियो थिएन ? कारण दिनु होस् ।
४. यस घटनामा कारागार अधिकृत वा केन्द्रका पदाधिकारी मध्य बढी जिम्मेवार कस्लाई ठान्नु हुन्छ ?
५. उल्लेखित घटना दोहोरिन नदिन सरकारले कस्तो नीति अवलम्बन गर्नु पर्ला ?

४.मनोवैज्ञानिक परीक्षण सम्वन्धी नमूना प्रश्नपत्रहरु

# A. Verbal Reasoning Test

## 1. Analogy

१ प्रश्नहरुमा दिइएका सम्बन्ध जस्तै अन्य सम्बन्ध पहिल्याउनु होस ?

खाना→ पेट भए झैं इन्धनको के ?

क) हवाइजहाज ख) ट्रक ग) इन्जिन घ) अटोमोवाइल

२ प्रोफेसर → लेक्चर भएझैं डाक्टरको के ?

क) हस्पिटल ख) औषधि ग) विरामी घ) रोग

३ लेखकको सम्बन्ध पागकसंग भए जस्तै उत्पादकको सम्बन्ध को संग हुन्छ ?

क) विक्रेता ख) उपभोक्ता ग) रचनाकार घ) संझौताकर्ता

४ पानी→ तिर्खा भएझै तलका मध्ये कुन जोडा मिल्दछ ?

क) पाक्नु → काट्नु ख) किताब→ अज्ञानता

ग) सियो → सिलाउनु घ) वर्षा→ सुख्खा

## 2. Classification

समूहमा नमिल्ने पत्ता लगाउनु होस ।

१ क) दही ख) चिज ग) नौनी घ) क्रिम ङ) तेल

२ क) कोट ख) सर्ट ग) (ब्लाउज) चोलो घ) सुरुवाल ङ) स्वीटर

३ क) तेल : बत्ती ख) पानी : धारा

ग) अक्सिजन : जीवन घ) शक्ति : मेशिन

## 3. Coding - Decoding

१ यदि TAP को कोड SZO हो भने FREEZE को कोड के हुन सक्छ ?

क) EQDFYG ख) ESDFYF

ग) GQFDYF घ) EQDDYD

२ यदि कुनै खास भाषामा, NATURE को कोड MASUQE भएझै, FAMINE को कोड के हुन्छ ?

क) FBMJND ख) FZMHND ग) GANIOE

घ) EALIME ङ) LARUPE

३ यदि कागजलाई काठ, काठलाई पराल, पराललाई घाँस भनिन्छ, घाँसलाई रबर (Rubber), रबरलाई कपडा भनिन्छ भने फर्निचर के ले बन्दछ ?

क) कागज ख) काठ ग) पराल घ) घाँस ङ) कपडा

## 4. Blood Relations

१ अनिलले परिचय दिन्छ, रोहित चाहि उस्को वावुको श्रीमतीको भाईको छोरा हो । रोहितको अनिल के नाता पर्दछ ?

क) मावली भाई/दाई ख) छोरा ग) काका/मामा

घ)ज्वाई ङ) दाजु/भाई

२ "ग" चाही क को वुवाको भाञ्जा हो । घ चाहि क को मावली भाई हो तर ग को दाजुभाई पर्दैन । अव भन्नुहोस घ को ग संग के नाता छ ?

क) वावु ख) दिदी ग) आमा घ) काकी

३ तलको सूचना राम्ररी पढी उत्तर पहिल्याउनु होस ?

A + B भन्नाले A, B को छोरा हो, A - B भन्नाले A, B को श्रीमती हो,

A x B भन्नाले A, B को भाई हो, A / B भन्नाले A, B को आमा हो,

A = B भन्नाले A, B को दिदी हो,

१. P + R - Q वाट के नाता पर्छ ?

क) Q, P को वावु हो ख) Q, P को काका हो

ग) Q, P को छोरा हो घ) Q, P को भाई हो

२. P = R ÷ Q को बाट के नाता पर्छ

क) P, Q को ठूली आमा हुन ख) P, Q को दिदी हुन

ग) Q, P को भाञ्जी हुन घ) Q, P को छोरी हुन

## 5. Direction Sense Test

१ एक दिन छविलाल घरबाट साइकलमा १० कि.मि. दक्षिणतिर गए त्यस पछि दाहिने फर्केर ५ कि.मि. गएर र पुनः दाहिने फर्केर १० कि.मि. अनि देब्रे फर्केर १० कि.मि. साइकल यात्रा गरे । अव उनी घर फर्कदा सीधा कति कि.मी. जानुपर्छ ?

क) १० कि.मि. ख) १५ कि.मि. ग) २० कि.मि. घ) २५ कि.मि.

२ एउटा मानिस दक्षिण दिशा तिर उभिएकोछ । उ घडी घुम्ने दिशा विपरित १३५° घुम्छ र त्यस पछि घडी घुम्ने दिशा तर्फ १८०° घुम्छ भने उ अहिले कुनदिशा तर्फ फर्केको छ ?

क) उत्तर – पूर्व ख) उत्तर – पश्चिम

ग) दक्षिण – पूर्व घ) दक्षिण – पश्चिम

३ एक जना मान्छे १ कि.मि. पूर्व दिशामा हिड्छ त्यसपछि दक्षिण दिशामा ५ कि.मि. हिड्छ । फेरी उ पूर्व दशातिर फर्केर २ कि.मि. हिड्छ त्यसपछि उ फर्केर उत्तर तर्फ ९ कि.मि. हिड्छ भने उ पहिले विन्दुवाट कति टाढा छ ?

क) ३ कि.मि. ख) ४ कि.मि. ग) ५ कि.मि. घ) ७ कि.मि.

## 6. Ranking Order

१ रमेश आफ्नो कक्षामा माथिबाट उच्चतम नवौं स्थानमा छ र तलबाट अठ्तीसौं स्थान रहेको छ भने त्यस कक्षामा कति विद्यार्थी छन् ?

क) ४५ ख) ४६ ग) ४७ घ) ४८

२ केही रुखहरु लहरै रहेका छन् । एउटा रुख दायाँ बायाँ दुवै तर्फबाट पाँचौं स्थानमा पर्छ भने लहरमा रुखहरुको क्रम संख्या कति हो ?

क) ८ ख) ९ ग) १० घ) ११

३ रविन परीक्षामा सफल भएका विद्यार्थीहरु मध्ये माथिबाट सोह्रौ स्थानमा र तलबाट उनन्तीसौं स्थानमा रहेका छ । ६ जना विद्यार्थीहरु परीक्षामा सहभागी हुन सकेनन् र ५ जना फेल भए भने कक्षामा कति विद्यार्थी थिए ?

क) ४० ख) ४४ ग) ५० घ) ५५ ङ) ५८

## 7.<u>Logical Sequence of words</u>

अर्थपूर्ण ढंगले क्रम मिलाई राख्नुहोस ?

A १) जचाउने २) विरामी ३) डाक्टर ४) उपचार
५) निको हुनु (Recover)

क) २,३,१,४,५ ख) २,३,४,१,५ ग) ४,३,१,२,५ घ) ५,१,४,३,२

B १) जन्म २) मृत्यु ३) मलामी ४) विवाह
५) शिक्षा

क) ४,५,३,१,२ ख) २,३,४,५,१ ग) १,५,४,३,२, घ) १,३,४,५,२

C डाक्टर, ज्वरो, औषधि, औषधि पसल

क) औषधी, डाक्टर, औषधि पसल, ज्वरो
ख) डाक्टर, औषधि पसल, औषधि, ज्वरो
ग) ज्वरो, डाक्टर, औषधि पसल, औषधि
घ) औषधि पसल, औषधि, ज्वरो, डाक्टर

# B. Numerical Reasoning Test

## A. Number Analogy

1. 42 : 20 : : 64 : ?

   क) 31 ख) 32 ग) 33 घ) 34

2. 6, 13, 22, भएफ्कै

   क) 6,13,27 ख) 10,16,28 ग) 11,18,27 घ) 13,19,32

3. 9, 15, 21

   क) 10,14,16 ख) 7,21,28 ग) 5,10,25 घ) 4,8,12

## B. Classification :

दिईएका अङ्कहरु मध्ये एउटा अरुभन्दा फरक छ, सो छुट्टयाउनु होस ?

| | | | | |
|---|---|---|---|---|
| १ | क) ३५ | ख) ४९ | ग) ६३ | घ) १४० |
| २ | क) ७ | ख) १५ | ग) ३१ | घ) ५७ |
| ३ | क) १०–२० | ख) ३०–४० | ग) ४०–५० | घ) ५०–६० |

## C. Number Series :

श्रेणीलाई पुरा गर्नुहोस

१ प्रश्न चिन्ह राखिएको खाली ठाउँमा के हुन्छ ? ७, १२, १९, (....), ३९

   क) २९ ख) २८ ग) २६ घ) २४

२ ३, ७, १५, ३१, ६३ ( ........)

   क) ९२ ख) ११५ ग) १२७ घ) १३१

३ १, २, ६, २४ ( .......... )

   क) ६० ख) ९५ ग) १२० घ) १५०

## D.Number Coding

१ यदि PRABA शब्दलाई २७५९५ ले र THILAK लाई ३६८४५१ ले कोड गरिएको छ भने BHARATHI को कोड नं. कति हुन्छ ?

   क) ३७५३६६८९ ख) ५७६८६५३५

   ग) ९६५७५३६८ घ) ९६८५५३६८

२ यदि कुनै भाषामा CHARCOAL को कोड ४५१६४९१३ र MORALE को कोड २९६१३७ हुन्छ भने तल दिइएका अक्षरको कोड के हुन्छ ?

   २.१. COLLER

   क) ३९७७५८ ख) ४९७७५८

   ग) ४८३३५९ घ) ४९३३७६


   २.२. ALLOCHRE

   क) १९९४३७८५ ख) १३३९४५६७

   ग) १६६९३८९५ घ) १३३९६८७५

## Arithmatical

१




चित्रका अङ्कहरुले समाचार पत्र पढ्ने व्यक्तिहरुको संख्यालाई बुझाउँछ । यस डायग्राम ५० जनाको सर्भे गरी तयार पारिएको हो । यसै आधारमा १०,००० जनसंख्यामा कम्तीमा २ ओटा समाचार पत्र पढ्ने कतिजना होलान ?

क) ५०००　　ख) ५४००　　ग) ६०००　　घ) ६२५०


## Insert the Missing Character

१

| | | |
|---|---|---|
| ६ | १८ | १५ |
| ३ | २ | ५ |
| ४ | ३ | ? |
| ८ | २७ | ९ |

क) ११　　ख) ६　　ग) ३　　घ) २

२




क) ०　　ख) ८　　ग) १२५　　घ) २१६

३

| | | |
|---|---|---|
| ७B | ५C | ६B |
| ३C | ९B | १९A |
| १५A | १७A | ? |

क) १० C    ख) १२८ C    ग) १४ B    घ) १६ C

## G. Common Property

१ दिइएका अङ्कहरु जस्तै कुन चाहिँ छ, छान्नुहोस् २१, ३८, ५५

क) ४७,६४,८०    ख) १९, ३६, ५५

ग) २३, ४०, ५७    घ) ३५, ६२, ७९

२ कार, हवाइजहाज र ट्रक जस्तै कुन हो ?

क) बस    ख) वयल गाडा (गोरु)

ग) वग्गी    घ) माथिका सवै

## H. Matrices

दिइएको म्याट्रीक्स पुरा गर्नुहोस

१

| | | |
|---|---|---|
| W | X | Y |
| F | G | H |
| A | B | |

क) K    ख) M    ग) C    घ) N

२

| | | |
|---|---|---|
| A | E | I |
| V | Q | M |
| Y | C | |


क) G    ख) L    ग) P    घ) T

# C. Non-verbal/Pictorial Reasoning Test


A. Series:-

तल A,B,C,D,E / 1,2,3,4,5 अंकित दुई लहर चित्रहरु रहेका छन् । A देखि E सम्मका चित्रहरु क्रमबद्ध रहेका छन् । क्रमको नियम पहिल्याउनुहोस् र 1 देखि 5 मध्ये कुन चित्रले E पछिको क्रम पुरा गर्छ सो पत्ता लगाउनु होस् ।


1.




2.





3.





## B. Analogy

प्रश्न चिन्ह (?) भएको खाली ठाउँमा 1,2,3,4,5 मध्ये कुन चाँहि उपयुक्त छ छान्नुहोस् ।

1.





2.



## C. Classification


दिइएका पाँच a,b,c,d, र e चित्रहरु मध्ये चार वटामा समानता पाइन्छ, एउटा अरुभन्दा फरक छ, त्यो कुन हो छुट्याउनुहोस् ।

1.




## D. Analytical Reasoning


दिइएको चित्रमा कति वटा त्रिभुजहरु छन् ?



(a) 36 (b) 40

(c) 44 (d) 48

2. दिइएको चित्रमा वर्गहरुको संख्या अधिकतम कति छ ?




(a) 28 (b) 32

(c) 36 (d) 40

## E. Venn Digrams

तलका प्रत्येक प्रश्नका तीन नाम दिइएका छन् । यिनीहरुबीचको सम्वन्धलाई कुन चाहि चित्रले राम्ररी प्रष्ट्याउँछ ?



1. Authors, Teachers, Men
2. Sparrows, Birds, Mice
3. Tea, Coffee, Beverages
4. Boys, Students, Athletes

**Answers**

A.Verbal Reasoning Test

1. Analogy
   1.ग    2. ख    3. ख    4.घ
2. Classification
   1.ङ०    2. घ    3. ख
3. Coding - Decoding
   1.घ    2. घ    3. ग
4. Blood Relation
   1.क    2. ख    3. क    4.क
5. Direction Sense Test
   1. ख    2. घ    3. ग
6. Ranking Order
   1. ख    2. ख    3. घ
7. Logical Sequence of Words
   A.क    B. ग    C. घ

B.Numerical Reasoning Test

A. Number Analogy
   1.क    2. ग    3. घ
B. Classification
   1.ग    2.घ    3. क
C. Number Series
   1.ख    2. ग    3. ग
D. Number Coding
   1. ग    1.1 घ    1.2 ख
E. Airthmatical Reasoning
   1. घ    2. क    3. ख
F. Insert the Missing Character
   1. ग    2. घ    3. घ
G. Common Property
   1. ग    2. क
H. Matrices
   1. ग    2. क

C. Non-verbal/Pictorial/Reasoning Test

A. Series

| | | |
|---|---|---|
| 1. 5 | 2. 2 | 3. 2 |

B. Analogy

| | |
|---|---|
| 1. 5 | 2. c |

C. Classification

| | |
|---|---|
| 1.c | 2. d |

D. Analytical

| | |
|---|---|
| 1. d | 2. a |

E. Logical Venn Diagrams

| | |
|---|---|
| 1. a | 2. c |

------------

## ५. सामूहिक छलफल

समयः– ३० मिनेट पूर्णाङ्कः- १०

शिर्षकः- <u>प्रशासनिक वेरुजू</u> ।

प्रशासनयन्त्र वास्तवमा नै यथार्थमा आधारित, स्थायीत्व प्राप्त गरेको मुलुकको संविधान र कानून अनुरुप सञ्चालन हुने, विशेषज्ञहरुको उपस्थिति भएको, अनुशासनमुखी, जनसेवी, विश्वसनीय र स्थायी व्यवस्था हो । यही विशेषताका कारण कुनै पनि मुलुकको सरकार र जनता दुवैको निम्ति प्रशासनयन्त्र एउटा विश्वसनीय व्यवस्थाको रुपमा स्वीकार्य रहेको पाइन्छ ।

यस सिलसिलामा लोकतान्त्रिक शासन व्यवस्था भएको विकासोन्मुख मुलुकहरुमा भने प्रशासनयन्त्र लोकतान्त्रिक मूल्य र मान्यतानुरुप जनमुखी, जनसेवी, सक्षम, सक्रिय र अनुशाशित एवं कर्तव्यनिष्ट हुन सकिरहेको पाइदैन ।

नेपालको अन्तरिम संविधान, २०६३ ले मुलुकमा पूर्ण लोकतान्त्रिक शासन व्यवस्था स्थापित गरेको छ । यसै अनुरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र महालेखा परीक्षक जस्ता संवैधानिक अंगहरुको साथै संसदीय समितिको व्यवस्था भएका छन् । यसको साथै व्यवस्थापकीय परीक्षण, कार्य फछ्र्यौट नियम र कार्यालय निरीक्षण नियमावली आदि थुप्रै प्रावधान कानूनी आधारको रुपमा रहेका छन् ।

तर यी सबैको बावजुद मौजूदा प्रशासनयन्त्र अनुशासनहीन र वेरुजूमुखी हुँदै गएको गुनासो तीब्रतर रुपमा बढ्न थालेको पाइन्छ ।

यस किसिमको चुनौतिपूर्ण स्थितिमा सुशासनको अपेक्षा गर्न नसकिने, सुशानको अभावमा प्रजातान्त्रिक मूल्य र मान्यतानुसारका संवैधानिक लक्ष्यहरु हासिल गर्न अप्ठेरो पर्ने यथार्थलाई दृष्टिगत गरी प्रशासनिक बेरुजू बमाख गरी प्रशासनयन्त्रलाई अनुशाशित, सक्रिय र सक्षम बनाउन के-कस्ता सार्थक उपाय अवलम्बन गर्नु पर्ला ? सामूहिक छलफलबाट निर्ष्कष पहिचान गर्नुहोस् ।

------------------------------